# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं. ५२११०५,५०२
फ्याक्स: ५२०६००

पत्र संख्या: ०७५/७६
चलानी नं. :

मिति : २०७५/०८/२६

विषय : कर्मचारी समायोजन तथा पदस्थापना सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गर्न बनेको 'कर्मचारी समायोजन अध्यादेश,२०७५' यहि मंसिर २३ गते प्रमाणीकरण भई कार्यन्वयनमा आएको छ । अध्यादेशको दफा ४ को उपदफा (१ ) बमोजिम सरकारी सेवाका कर्मचारीको ब्यक्तिगत विवरण १५ दिन भित्र अध्यावधिक गर्न गराउन नेपाल सरकार संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयलको मिति २०७५/०८/२५ को पत्र समेत प्राप्त हुन आएको छ । अत: तोकिएको अवधि भित्र कर्मचारीहरुको विवरण राष्ट्रिय किताबखानामा अध्यावधिक गर्न गराउनु हुन सम्बन्धित सबै निजामती कर्मचारीहरुमा यो सूचना निर्देशानुसार जारि गरिएको छ । साथै कर्मचारीको ब्यक्तिगत विवरण अद्यावधिक गर्ने सम्बन्धमा निजामती किताबखानाको जानकारी निम्न अनुसार रहेको छ । उल्लेखित जानकारीका सम्बन्धमा केहि कतै दुविधा वा समस्या उत्पन्न भएमा महानगरपालिकाको कर्मचारी प्रशासन महाशाखा कर्मचारी समायोजन डेक्समा सम्पर्क गर्नु हुन अनुरोध छ ।

..........................
यामलाल अधिकारी
( सहायक प्रमुख प्रशासकीय अधिकृत )

### PIS विवरण अद्यावधिक गर्ने माध्यम

१. **www.pis.gov.np** वेवसाइटको "विवरण सच्चाउन" **menu** बाट अनुरोध गरेर ।
२. **info@pis.gov.np** मा **email** गरेर ।
३. निजामती किताबखानाको **Mobile App(csp)** मार्फत **pis** सच्चाउन अनुरोध गरेर ।
४. यस विभागमा आई आफ्नो विवरण **pis update** गर्ने स्थानमा बुझाएर ।
५. यस विभागको **Fax No. 01-5010217** मा विवरण पठाएर ।

### फोटो अपलोड गर्ने तरिका

१.**www.pis.gov.np** मा जाने ।
२. पि.एस.आई लगिन बाह्य **click** गर्ने ।
३. **User name (** आफ्नो संकेत नं. र **) password** राखी **login** गर्ने ।
४. यदि तपाईको **User account** बनेको छैन भने **create new user** मा **click** गरी आफ्नो **user ID** बनाउने तरिका यस विभागको वेभसाइट **www.pis.gov.np** मा छ ।
५. **Browse** मा **click** गरी आफ्नो पासपोर्ट साइजको फोटो राखी **upload** मा **click** गर्ने।